जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १५१ २०७७ साल पुस २९ गते बुधबार (13 Jan. 2021 Wednesday) मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : पर्सामा ८० प्रतिशत ... ३ पृष्ठमा : वैदेशिक रोजगारीमा ठगीका.. ३ पृष्ठमा : भारतमा संक्रमितको संख्या...

# महिला हत्याका अभियुक्त कारागार चलान, तीन जना धरौटीमा रिहा




**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

माछा मार्ने विषयमा विवाद हुँदा भएको झडपमा मृत्यु भएका एक महिलाको हत्याको आरोपमा पक्राउ परेका एक जना कारागार चलान भएका छन् भने सोही घटनामा संलग्न तीन जना धरौटीमा रिहा भएका छन् ।

सप्तरीको बोदेबरसाईन नगरपालिका ३ का ३६ वर्षिय रबितकुमार मण्डल कारागार चलान भएका हुन् । यता घटनामा संलग्न रहेको आरोपमा उनीसँगै पक्राउ परेका तीनजना भने अदालतको आदेशमा जनही ५०/५० हजार रुपैया धरौटीमा रिहा भएका छन् ।

धरौटी बुझाएर रिहा हुनेहरुमा सोही वडाका शिवचरण मण्डल, सुरेन्द्र मण्डल र बिजय मण्डल छन् । चारै जनालाई सोमबार जिल्ला अदालत सप्तरीमा उपस्थित गराउँदै रबितलाई ज्यान सम्बन्धी कसुरमा पूर्पक्षका लागि कारागार पठाउने तथा अन्य तीनजनालाई धरौटीमा रिहा गर्ने आदेश भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

गत मंसिर २८ गते माछा मार्ने विषयमा विवाद हुँदा रबित मण्डलको नेतृत्वमा रहेको एक समूहले घरेलु हातहतियारले आक्रमण गर्दा सोही वडा निवासी ३४ वर्षिया गंगियादेवी मण्डलको घटनास्थलमै मृत्यु भएको थियो ।

# साढेको आक्रमणमा परी बृद्धाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

साढेको आक्रमणमा परी सप्तरीमा एक बृद्धाको मृत्यु भएको छ ।

जिल्लाको छिन्नमस्ता गाउँपालिका २ मोहनपुरकी ८० वर्षिया दुर्गिदेवी साहको साढेको आक्रमणमा ज्यान गएको हो ।

सडकमा छाढा छाडिएको साढेले सोमबार राती १० बजेतिर घर नजिकै साहलाई आक्रमण गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

साढेले सिंगले पछाडेर गम्भिर घाइते भएकी साहलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीको भनाइ छ ।

यसबारे मंगलबार बिहानै घटनास्थलमा पुगि प्रहरीले थप अनुसन्धान थालेको डिएसपी साहले बताए । सडकमा छाडिएका पशु चौपाया नियन्त्रण गर्न सम्बन्धीत निकायले वेवास्ता गर्दा यस्तो दुखद घटना भएको भन्दै स्थानियले आक्रोस व्यक्त गरेका छन् ।

## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**
**राजविराज**

# संघीयता र गणतन्त्र रक्षाका लागि सबै लोकतान्त्रिक शक्ति एकजुट हुन आवश्यक : अध्यक्ष यादव

पर्सा, २८ पुस (रासस) ।

जनता समाजवादी पार्टी ( जसपा) नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवले सङ्घीयता र गणतन्त्र रक्षाका लागि सबै लोकतान्त्रिक शक्ति गोलबद्ध हुनुपर्ने आजको आवश्यकता रहेको बताउनुभएको छ ।



सङ्घीय प्रेस फोरम पर्साले मंगलबार वीरगञ्जमा अयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले सरकारको असवैधानिक कदमका कारण सङ्घीयता र गणतन्त्र जस्ता प्राप्त उपलब्धि गुमिने खतरा उत्पन्न भएकाले वर्तमान राजनीतिक जटिलताबाट मुलुकलाई बाहिर निकालन सबै लोकतान्त्रिक शक्ति एकजुट हुन आवश्यक रहेको छ भन्नुभयो ।

अध्यक्ष यादवले प्रतिनिधिसभा विघटनबारे सर्वोच्च अदालतमा परेको रिटको फैसला लोकतन्त्रवादीको पक्षमा आउने र प्रतिनिधिसभा पुनर्स्थापित हुनेमा आफू विश्वस्त रहेको उल्लेख गर्दै वैशाख महिनामा कुनै पनि हालतमा निर्वाचन नहुने बताउनुभयो । उहाँले प्रतिनिधिसभा विघटनको विषय विशुद्ध राजनीतिक भएकाले यसको निकास पनि राजनीति तवरले खोज्न जरुरी रहेको बताउनुभयो ।

पत्रकारद्वारा सोधिएको एक प्रश्नको जवाफमा उहाँले नेपाल भारतबीच रहेका सबै विवाद र समस्याको निकास वार्ता र संवादबाटै खोजिनुपर्ने बताउनुभयो ।

जसपा केन्द्रीय कार्यकारिणी समितिका सदस्य एवं नेता लक्ष्मणलाल कर्णले सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापित गर्नेमा कुनै शङ्का नरहेको बताउनुभयो । उहाँले नेपालमा देखापरेका ऐतिहासिक मुद्दाहरुमा सर्वोच्चले सधैँ लोकतन्त्र र जनताको पक्षमा फैसला गरेकाले प्रतिनिधिसभा पुनर्स्थापित हुनेमा कुनै शङ्का नरहेको प्रस्ट पार्नुभयो ।

सङ्घीय प्रेस फोरम पर्साका अध्यक्ष आरके पटेलको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो ।

लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान

यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं

सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं

पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं

हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं

भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

# सरोकारवाला निकायको निमुख्खा जनताप्रति ध्यान पुगोस्

विगत एक सातादेखी तराई मधेशमा चिसो बढिरहेको छ। चिसोका कारण अहिले गरिब, निमुख्खाका साथै बालबालिका र बृद्धबृद्धा बढी प्रभावित भइरहेका छन्। चिसो बढेपछि दैनिक कार्य पनि प्रभावित बन्न पुगेको छ। यता सप्तरीमा बढी गरिब, विपन्न, दलित समुदायको बसोवास रहेको हुँदा उनीहरु अहिले चिसोबाट निकै प्रभावित भएका छन्। एक छाक खान र लगाउन धौं धौं परिरहेका ती समुदायलाई अहिले चिसो छल्न न्यानो कपडाको आवश्यकता रहेको छ। हालसम्म कुनै पनि निकायले गरिब, दलित, निमुख्खालाई न्यानो कपडाको व्यवस्था गरेको देखिन्न्।

जहिले पनि चिसो बढेपछि मात्र स्थानिय निकाय तथा सरोकारवाला निकाय तात्ने बानी अहिले पनि कायमै रहेको छ। विपद् आएको बेला मात्र ध्यानाकर्षण हुने बानी हालसम्म त्यस्ता निकायको छुटेको छैन्। जनताको मौलिक हकका लागि लड्ने संघसंस्थाको पनि उनीहरुप्रति ध्यान पुग्न सकेको छैन्। विगतमा सप्तरीका दर्जनौं निमुख्खा जनता अत्याधिक चिसोका कारण कठ्याङ्ग्रिएर अकालमै मृत्युवरण भएको तथ्य समेत रहेको छ।

यसका लागि सप्तरीका हरेक स्थानिय तहले आफ्नो जनता चिसोका कारण कुनै अफ्ठ्यारोमा नपरुन भन्ने बारे ध्यानपुग्नु आवश्यक छ। तसर्थ यसका लागि आजैबाट स्थानिय तहहरुले गरिब, निमुख्खा जनताका लागि न्यानो कपडा तथा अन्य व्यवस्थाका लागि अग्रसरता देखाउनु पर्ने उत्तिकै जरुरी छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पर्सामा ८० प्रतिशत किसान धान खेतीतर्फ

वीरगञ्ज, २८ पुस (रासस)।

सरकारले निजीस्तरको गल्ला व्यापारीभन्दा बढी मूल्यमा धान खरीद गर्न थालेपछि पर्सा जिल्लाका किसान धान खेतीतर्फ आकर्षित हुँदै गएको छ।

सरकारले पछिल्लो केही वर्षदेखि नेपाली धान खरीदको समर्थन मूल्य तोकेर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत किसानको धान खरीद गर्न शुरु गरेको हो।

सरकारले धान रोपाइँ नहुँदै गत असारमा धानको समर्थन मूल्य तोकेको थियो। जसअनुसार मोटा धानको मूल्य प्रतिक्विन्टल दुई हजार ७३५ र मध्यम धानको प्रतिक्विन्टल रु दुई हजार ८५५ तोकेको थियो। आर्थिक वर्ष २०७६/७७ को तुलनामा प्रतिक्विन्टल रु २०० भन्दा बढी मूल्य तोकेको हो। यसअघि मोटा धानको समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार ५३१ रुपैयाँ ८० पैसा र मध्यम धानको समर्थन मूल्य दुई हजार ६७३ रुपैयाँ प्रतिक्विन्टल तोकेको थियो।

आव २०७७/७८ को नीति तथा कार्यक्रममा किसानको लागतका आधारमा उत्पादनको उचित मूल्य प्राप्त गर्ने गरी कृषि उपजको बजारीकरणको प्रबन्ध गरिने नीतिअनुरुप सरकारले धानको समर्थन मूल्य तोकेको हो। सरकारले निजीस्तरको गल्ला व्यापारीभन्दा बढी मूल्यमा धान खरीद गर्न थालेपछि किसान धान खेतीतर्फ थप आकर्षित हुन थालेका छन्। यता, रोग किराको प्रकोप, हावाहुरीले धानको बालामा दाना नलाग्नु तथा परागसेचन नभए पनि पर्सा जिल्लामा चालू आवमा रु सात करोड ४४ लाख १७ हजार मूल्य बराबरको दुई हजार ७५० मेट्रिक टनभन्दा बढी धान उत्पादन भएको कृषि ज्ञान केन्द्र रानीघाटले जनाएको छ।

चालू आव २०७७/७८ मा पर्सा जिल्लाका किसान ४७ हजार ५० हेक्टर क्षेत्रफलमा धान खेती गरेकामा प्रतिहेक्टर चार दशमलव ८५ प्रतिशत उत्पादकत्वका हिसाबले दुई लाख २८ हजार ५६० मेट्रिक टन धान उत्पादन गरेको छ। जुन अघिल्लो आव २०७६/७७ भन्दा दुई हजार ७२० मेट्रिक टनभन्दा बढी उत्पादन भएको देखिन्छ। किसानले अघिल्लो आव २०७६/७७ मा ४७ हजार ५० हेक्टर क्षेत्रफलमा धान खेती गरेकामा प्रतिहेक्टर चार दशमलव आठ मेट्रिक टन उत्पादकत्वको हिसाबले दुई लाख २५ हजार ८४० मेट्रिक टन धान उत्पादन भएको थियो। प्राप्त तथ्याङ्कअनुसार अघिल्लो वर्षको तुलनामा यस वर्ष रु सात करोड ४४ लाख १७ हजार ६०० मूल्य बराबरको दुई हजार ७५० मेट्रिक टनभन्दा बढी धान उत्पादन भएको बाली विकास अधिकृत सुरेशप्रसाद चौरसियाले राससलाई बताउनुभयो।

धान खेती गर्दै आएका जिल्लाका ८५ प्रतिशत किसान यस वर्ष पर्सामा सोना मन्सुली, स्वर्णासव १, बास्मती, काला नमक, कतरनी, हर्दिनाथ १ र युएस ३१२, ६६४४ जातका धानको खेती गरी मगन्य आर्थिक लाभ लिन सफल भएका छन्। नगदे तथा मुख्य बालीका रूपमा रहेको धान खेतीलाई स्थानीय निकायले प्राथमिकतामा नराख्नु, समयमा मल खाद्य नपाउनु, बीउ उपलब्ध नहुनु तथा कृषि प्राविधिक नहुनु जस्ता कारणले यस वर्ष सोचेजस्तो धान उत्पादन नभए पनि गत वर्षको तुलनामा बढी उत्पादन भएको बागवानी अधिकृत श्यामकिशोर प्रसादले बताउनुभयो।

यस वर्ष १५ बिघा क्षेत्रफलमा धानखेती गरेकामा मल खाद्य नपाएर भारतीय मलको प्रयोगले सोचेजस्तो धान उत्पादन हुन नसकेको बताउँदै वीरगञ्ज महानगरपालिका-१७ अलौँका किसान रामविनय यादवले भन्नुभयो, "समयमा मल खाद्य नपाउँदा भारतीय मलको प्रयोगले उत्पादनमा ह्रास आए पनि गत वर्षभन्दा यस वर्ष धान उत्पादन सन्तोषजनक भएको हो।" भारतीय पक्षले समयमा गण्डक नहरमा पानी नछाड्दा सिँचाइको अभावमा धान खेती प्रभावित भएको छ भने स्थानीय तहले कृषि प्राविधिकलाई अन्यत्र काममा लगाउने गरेकाले धान खेती प्रभावित हुँदै गएको किसानको जिकिर छ।

सरकारले सोना मन्सुली धान उत्पादनमा प्रतिबन्ध लगाए पनि पर्सा जिल्लामा ७० प्रतिशत किसान सोना मन्सुली धान नै उत्पादन गर्दै आएको छ।

# भूउपग्रहसम्बन्धी अध्ययन गर्न नौ कम्पनीको आवेदन

काठमाडौँ, २८ पुस (रासस)।

नेपालको आफ्नै भू-उपग्रह (स्याटेलाइट) राख्न आवश्यक अध्ययनका लागि नौवटा कम्पनीले आशयपत्र बुझाएका छन्।

नेपाल दूरसञ्चार प्राधिकरणले गत मङ्सिरमा पुरानो प्रस्ताव रद्द गरेर भूउपग्रह स्थापनाको नियमन तथा सुरक्षा, व्यापार र सञ्चालन मोडालिटीको नीति तय गर्न नयाँ प्रस्ताव आह्वान गरेको हो।

प्राधिकरणले माग गरेअनुसार विभिन्न देशका नौवटा कम्पनीले आशयपत्र बुझाएको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिनुभयो। उहाँका अनुसार पुस २७ गते दिउँसो १२ बजेभित्र आवेदन दिन सक्ने गरी पुस १ गते उक्त आवेदन खुलाइएको थियो।

आशयपत्र पेश गर्ने कम्पनीहरूमा चीनको बेइजिङ स्पेसकी टेक्नोलोजी कम्पनी लिमिटेड, फ्रान्सको युरो कन्सल्ट कम्पनी, लन्डनको इकोनिमिक्स लिमिटेड र भारतको केपिएमजी असुर्‍यानसिटी एन्ड कन्सल्टिङ सर्भिसको जेभीमा केपिएमजी-एग्रोस्याट रहेका छन्।

यसैगरी अमेरिकाको स्पेस पार्टनरशिप इन्टरनेशनल, दुबईको एसथ्रिटेल इन्टरनेशनल, युकेको किस्पे स्पेस सिस्टम लिमिटेडको जेभी किस्पे टिम, सिङ्गापुरको सेलिस्टियल

बाँकी तीन पृष्ठमा


## राजविराज नगरपालिका ६ नं. वडा कार्यालयबाट जारि भएको सूचना

मिति : २०७७/०९/२३

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ७ हाल वडा नं. ६ बस्ने स्व. सिताराम देवको छोरा ध्रुब प्रसाद देव र सन्तोष प्रसाद देवको मिति २०७७/०९/२३ गते द.नं. २२६ को संयुक्त निवेदन माँग हुन आएको हुँदा सो सम्बन्धमा निज ध्रुव प्रसाद देव र सन्तोष प्रसाद देवको बुबा सिताराम देव र आमा दौपदी देवी बैश्यको संयुक्त नाउँमा तपसिल बमोजिमको जग्गा दर्ता कायम रहेको र मेरो बुबा सिताराम देवको मिति २०७४/०८/२३ गतेमा र आमा दौपदी देवी बैश्यको मिति २०७५/०९/२३ गतेमा दुबै जनाको मृत्यु भईसकेको हुँदा सो तपसिल बमोजिमको जग्गा मृतकको छोरा निवेदिका ध्रुब प्रसाद देव र सन्तोष प्रसाद देवलाई श्री मालपोत कार्यालयको नाउमा सिफारिस गरिदिएमा अरु कसैको हकदाबी, अंश रहेको भए सो आफूसँग भएको सबुत प्रमाण लिई यस वडाका वडा कार्यालयको समयमा ३५ दिन भित्र आईदिनु होला अन्यथा कानुन बमोजिम भइ जाने छ।

तपसिल

| सि.न. | जिल्ला | नपा/गाविस | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सप्तरी | बोरिया | ४ | २० | ०-३-३ | |
| २. | सप्तरी | बोरिया | १ | २६४ | ०-०-११ | |
| ३. | सप्तरी | बोरिया | ४ | ६४५ | ०-८-० | |
| ४. | सप्तरी | बोरिया | ४ | ६६१ | ०-१-७ | |
| ५. | सप्तरी | बोरिया | ४ | ६८२ | ०-८-० | |
| ६. | सप्तरी | बोरिया | १ | ५७९ | ०-१-० | |
| ७. | सप्तरी | बोरिया | १ | ५८० | ०-२-० | |

श्री सुदनवती देवीलाल फूलमन्ती जनता माध्यमिक विद्यालय
सीतापुर भूर्कि (सप्तरी)
स्थापित : २०१७
प्रदेश नं.२ निर्वाचन क्षेत्र नं. १
अग्निसाइर कृष्णासवरन गाउँपालिका वडा नं.२
विद्यालय कोड : ...१०९०००२

पत्र संख्या : २०७७/७८
चलानी नं. : ६०
मिति : २०७७/०९/२६

विषय : विज्ञापन सम्बन्धमा।

यस श्री सु.दे.फु.ज.मा.वि.सीतापुर भूर्की सप्तरीमा गठन भएको शिक्षक छनौट समितिको मिति २०७७।०९।२६ गते बसेको बैंठकको निर्णय अनुसार साथै अग्निसाइर कृष्णासवरन गाँउपालिकाको च.नं.९०१ मिति २०७७।०९।२६ गतेका पत्रानुसार निम्न पदहरुमा अस्थायी करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले मिति २०७७।१०।११ गतेसम्म आवेदन आइपुग्ने गरी तपसिलमा उल्लेखित योग्यता पुगेका नेपाली नागरिकहरुसँग दरखास्त आह्वान गरिन्छ।

तपसिल

१.आवेदन दिने मिति २०७७।१०।११ गतेसम्म
२.आवेदन दिने स्थान र समय :श्री सु.दे.फु.ज.मा.वि.सीतापुर भूर्की सप्तरीमा विद्यालय सञ्चालन हुने समयभित्र साथै आवेदन फाराम विद्यालयबाट रु १००। (एक सय)मात्र तिरी फाराम प्राप्त हुनेछ।
३.सम्पर्क मिति २०७७।१०।१२ गते दिउँसो २:००बजेभित्र।
४.लिखित परीक्षाको मिति सम्पर्क मितिको दिन तोक्ने छ।
५.परीक्षा दस्तुर वापतको रकम यस श्री सु.दे.फु.ज.मा.वि.सीतापुर भूर्की ,सप्तरीको रा.बा.बैंक राजविराजको च.हि.नं.२१८०१०००१८३३००१ मा नगद बैंक दाखिला गरेको सक्कल भौचर आवेदनसाथ अनिवार्य संलग्न ,गर्नुपर्नेछ।
६.उमेर: १८ वर्ष पुरा गरेको ४० वर्ष ननाघेको हुनुपर्नेछ।
७.बि.नं, पद, तह, परीक्षा दस्तुर र शैक्षिक योग्यता निम्न अनुसार रहनेछ।

| बि.नं. | पद | तह | श्रेणी | पद संख्या | परीक्षा दस्तुर | विषय | शैक्षिक योग्यता | तलब भत्ता |
|---|---|---|---|---|---|---|---|---|
| ०१/०७७।०७८ | प्रशिक्षक | माध्यमिक कक्षा ९ र १० | तृतीय | १ | २५००। | सिभिल | बि.ई. | प्रचलित स्केल |
| ०२/०७७।०७८ | सहायक प्रशिक्षक | निम्न माध्यमिक | तृतीय | १ | २५००। | सिभिल | कक्षा १२, डिप्लोमा | प्रचलित स्केल |
| ०३/०७७।०७८ | प्रशिक्षण सहायक | प्राथमिक | तृतीय | १ | १५००। | - | 10+2 Science / TSLC (सिभिल) | विद्यालयको निर्णय अनुसार |

नोट.:
क)माथि उल्लेखित शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी आफैले प्रमाणित गरी २/२ प्रतिका दरले आवेदन साथ दिनुपर्नेछ।
ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी थान २ साथै हालसालै खिचेको PP Size फोटो २ प्रति
ग) अन्तरवार्ताको समयमा उम्मेदवारहरुले शैक्षिक योग्यताको प्रमाणपत्रको साथै निरोगिता प्रमाणपत्र साथमा लिई उपस्थित हुनुपर्नेछ।
सम्पर्क नं.९८१४७१६५९९

सदस्य सचिव
शिक्षक छनौट समिति

# वैदेशिक रोजगारीमा ठगीका घटना बढ्दै

काठमाडौँ, २८ पुस (रासस)।

वैदेशिक रोजगारीका क्षेत्रमा कोभिड-१९ को सङ्क्रमणपछि ठगीका घटना बढ्न थालेका छन्।

गत वर्ष वैदेशिक रोजगार विभागमा दैनिक २५ वटासम्म ठगीका घटना दर्ता हुने गरेकामा हाल ४० वटासम्म घटना दर्ता हुन थालेको विभागका सूचना अधिकारी टीकामणि न्यौपानेले जानकारी दिनुभयो।

युरोप, अमेरिकाजस्ता महादेशका विकसित मुलुकमा पठाउने भन्दै काठमाडौँ उपत्यकाका युवासमेत विभागमा उजुरी दिन आउने गरेको उहाँले बताउनुभयो। "वैदेशिक रोजगार विभागमा नै दर्ता भएको एक मेनपावर कम्पनीले एक युवालाई अमेरिका पठाउने भन्दै रु १५ लाख ७५ हजार ठगी गरेको उजुरी सोमबार मात्रै विभागमा परेको छ", उहाँले भन्नुभयो, "विशेषगरी विकसित मुलुकमा भन्दै २० वर्षमुनिका युवायुवती ठगिएको पाइएको छ।"

त्यस्ता प्रकृतिका युवा अरूको लहलहैमा लागेर ठगिने गरेको उहाँले बताउनुभयो। उहाँका अनुसार खाडी मुलुकमा पठाउने नाममा ठगीका बढी घटना दर्ता हुने गरेका छन्। विभागमा स्वदेशभित्र भएका उजुरी मात्र नभई वैदेशिक रोजगारीमा गइसकेका श्रमिकले समेत सम्बन्धित दूतावासमार्फत उजुरी गर्न पाउने प्रावधान छ। भने अनुसारको सेवासुविधा र काम नपाएको खण्डमा विदेशमा रहेका श्रमिकले उजुरी गर्न पाउने प्रावधान रहेको उहाँले बताउनुभयो।

कोभिड-१९ को सङ्क्रमणपछि लकडाउनका कारण केही समय उजुरी दर्ता र फछ्र्यौटको काम बन्द भए पनि सो समयपछि भने ठगीका उजुरीहरू बढ्ने गरेको विभागले जनाएको छ। उजुरीका आधारमा दण्डजरिवाना गराउन सक्ने र मुद्दा चलाउन सक्ने सम्पूर्ण अधिकार विभागको छ। विभागको कार्यविधिअनुरुप मेनपावर कम्पनीले रु दुई करोड धरौटी अनिवार्य राख्नुपर्छ। उजुरीका आधारमा मेनपावर कम्पनीमार्फत तथ्याङ्क लिइसकेपछि सो धरौटी रकममार्फत विभागले पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउँदै आएको छ।

वैदेशिक रोजगारीका क्रममा भनेअनुसारको तलब, काम र सेवासुविधा नपाएको खण्डमा पनि पीडितले स्वदेश फर्किइसकेपछि विभागमा उजुरी गर्न पाउँछन्। यदि छ महिनामा नै पीडित फर्किएको खण्डमा एक वर्षभित्र र सेवाअवधि पूरा गरेर फर्किएको एक वर्षभित्र मेनपावर कम्पनी विरुद्ध पीडितले उजुरी गर्न पाउने प्रावधान छ।

विभागबाट इजाजत प्राप्त मेनपावरका कतिपय उजुरी फोनमार्फत सुनुवाइ गर्ने गरेको सूचना अधिकारी न्यौपानेको भनाइ छ। विभागले पटकपटक ताकेता गर्दा मेनपावरबाट कुनै प्रतिक्रिया नआएको खण्डमा विभागले पक्राउ पुर्जी जारी गरी सम्बन्धित मेनपावर कम्पनीका व्यक्तिलाई जेल चलान गर्दै आएको छ।

इजाजत प्राप्त मेनपावर कम्पनीले गर्ने गरेको ठगी र व्यक्तिगत ठगी घटनाका उजुरीहरू दर्ता हुने गरको विभागले जनाएको छ। सम्बन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालयले वैदेशिक रोजगारी ठगीका उजुरीको सुनुवाइ गर्दै आइरहेका छन्। जिल्लाबाट सुनुवाइ गर्न नसकिएका उजुरीहरू भने विभागमा जाने गर्छन्। त्यसैगरी विभागको कारबाही चित्त नबुझेको खण्डमा पीडितले सो उजुरी पुनरावेदनमार्फत उच्च अदालतमा दर्ता गराउन पनि पाउँछन्।

## *भूउपग्रहसम्बन्धी ...*

कन्सल्टिङ सर्भिस र जर्मनीको स्पेस टेक पार्टनर रहेका छन्।

आशयपत्र पेश गरेका नौ कम्पनीमध्येबाट प्रतिस्पर्धाका आधारमा एउटा कम्पनी छनोट हुनेछ। ४० प्रतिशत कम्पनीको योग्यता, ५० प्रतिशत अनुभव र १० प्रतिशत क्षमताका आधारमा कम्पनी छनोट गरिनेछ। उहाँका अनुसार छनोटमा पर्ने कम्पनीसँग पहिलो चरणमा प्राविधिक र वित्तीय प्रस्तावको माग गरिनेछ। उनीहरूबाट आएको प्रस्तावको अध्ययन गरी प्राधिकरणले भूउपग्रह स्थापनासम्बन्धी आधारभूत कामहरूको जिम्मा दिने जनाइएको छ।

प्रवक्ता अर्यालका अनुसार पहिलो चरणमा छनोट हुने कम्पनीले आवश्यक सम्पूर्ण तयारी गरेपछि भूउपग्रह स्थापनाका लागि पुनः अर्को कम्पनी छनोट गरिनेछ। सन् २०२२ भित्र आफ्नै स्याटेलाइट सञ्चालमा ल्याउने भन्दै गत असारमा भू-उपग्रहसम्बन्धी नीति सार्वजनिक गरिएको थियो।

यसअघि नेपालको आफ्नै स्याटेलाइट राख्ने गरी प्राधिकरणले २०७३ साल असोज २० गते आह्वान गरेको आशयपत्रमा १२ देशका २२ वटा कम्पनीले स्याटेलाइट राख्न रुचि देखाएका थिए। अमेरिका, चीन, भारत, थाइल्यान्ड, सिङ्गापुर, क्यानडा, फ्रान्स, जापान, कोरिया, साउदी अरेबिया, रसिया र इजरायलका गरी २२ वटा कम्पनीले नेपालका लागि स्याटेलाइट राखिदिने रुचिसहित प्रस्ताव पेश गरेका थिए।

दूरसञ्चार सेवा प्रदायक रेडियो तथा टेलिभिजनहरू विदेशी स्याटेलाइटबाट सञ्चालित हुँदै आएकामा आफ्नै स्याटेलाइट जडान गरेर रेडियो तथा टेलिभिजन सञ्चालन गर्ने सरकारको लक्ष्य छ।

# मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोबाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## भारतमा संक्रमितको संख्या एक करोड चार लाख ७९ हजारभन्दा बढी

नयाँदिल्ली, २८ पुस (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या मङ्गबारसम्म एक करोड चार लाख ७९ हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १२ हजार ५८४ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड चार लाख ७९ हजार १७९ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ।

गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण १६७ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५१ हजार ३२७ जना पुगेको छ। भारतमा कोरोना भाइरस सङ्क्रमणको कारण २०० भन्दा कम व्यक्तिको मृत्यु मंगलबार दोस्रो दिन भएको सो मन्त्रालयले जानकारी दिएको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड एक लाखभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा दुई लाख १६ हजार ५५८ सक्रिय सङ्क्रमित रहेका छन्।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा आइतबार ३०६ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र १३ जनाको मृत्यु भएको छ। भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ६९१ भन्दा बढीको मृत्यु भइसकेको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले आइतबारसम्म देशभर १८ करोड २६ लाख ५२ को हाराहारीमा नमूना परीक्षण गरेको छ। सोमबार एक दिनमा आठ लाख ९७ हजार ५६ जनाको कोभिड-१९ परीक्षण गरेको छ।

## जापानमा हिउँमा परेर १३ जनाको मृत्यु

टोक्यो, २८ पुस (रासस/सिन्ह्वा)।

जापानको समुद्री तटीय क्षेत्रमा भएको बाक्लो हिमपातमा परेर कम्तीमा १३ जनाको मृत्यु भएको जापानी उद्धारकर्मीले जनाएका छन्। जापानी अग्नि तथा विपद व्यवस्थापन निकायका अनुसार उक्त घटनामा परेर २५० भन्दा बढी व्यक्ति घाइते भएका छन्। स्थानीय सञ्चारमाध्यमले फुकुई प्रिफेक्चरमा ६० र ८० को आसपास उमेरका तीन व्यक्तिको मृत्यु भएको जनाएका छन्। हिउँसँग सम्बन्धित दुर्घटनामा यहाँ ४७ जना घाइते भएका छन्।

यस्तै, नीगाता प्रिफेक्चरमा पनि हिउँ फाल्नेक्रममा चार जनाको मृत्यु भएको छ। हिमपातले सर्वाधिक प्रभाव परेका तीनवटा प्रिफेक्चरमा मानिसको उद्धार र सहायताका लागि जापानी सेनालाई पनि परिचालन गरिएको छ। यसबाहेक, हिमपातका कारण सडक यातायात पनि नराम्रोसँग प्रभावित भएको छ। होकुरिकु द्रुतमार्गमा एक हजार २०० भन्दा बढी सवारीसाधन अलपत्र परेका छन्।

जापानको मौसम विभाग (जेएमए)ले प्रशान्त महासागरतर्फको पूर्वी क्षेत्रमा मङ्गलबारसम्म हिमपात हुने जनाएको छ। किन्की, टोकाई र शिकोकु क्षेत्रमा मंगलबार साँझसम्म पहाडी इलाकामा २० सेन्टिमिटरसम्म हिउँ पर्ने जेएमएले बताएको छ।

## जापानमा कोभिडका कारण लगाइएको संकटकालको क्षेत्र बढाइने

टोकियो, २८ पुस (रासस/सिन्ह्वा)।

जापान सरकारले हालैका दिनमा राजधानी टोकियोमा कोभिडका कारणले लगाएको सङ्कटकालको अवस्थालाई थप विस्तार गर्ने भएको छ। जापानी प्रधानमन्त्री योशिहिदे सुगाले सो संकटकालको क्षेत्र बढाउने विषयमा तयारी थाल्नुभएको पनि यहाँका अधिकारीले जानकारी गराएका छन्। हाल जापान सरकारले यस्तो प्रकारको सङ्कटकाल जापानको राजधानी टोकियोमा लगाउँदै आएको छ।

सो क्षेत्रलाई अझ विस्तार गरिने तयारी जापानका प्रधानमन्त्री सुगाले गर्नुभएको राजधानी टोकियोबाट प्राप्त भएको समाचारमा जनाइएको छ। टोकियोबाट प्राप्त भएको समाचारमा सो संकटकाल जापानको राजधानी टोकियो बाहेकका क्षेत्रजस्तो ओसाका, क्योटो र ह्योगोसम्म पनि विस्तार गर्न सकिने भएको हो।

जापान सरकारले गएको शुक्रबारदेखि राजधानी टोकियोमा यो संकटकाल लगाएको थियो तर सो संकटकालीन क्षेत्रलाई थप विस्तार गरेर अरु क्षेत्रमा पनि पुऱ्याइने भएको हो। ती क्षेत्रमा आफूले सङ्कटकालीन अवस्थालाई बढाउने विषयमा तयारी गरिरहेको जानकारी प्रधानमन्त्री सुगाले आफ्नो दल लिबरल डेमोक्रेटिक पार्टी, एलडिपीलाई पनि गराउनुभएको समाचारमा जनाइएको छ।

जापान सरकारले राजधानी टोकियोसहितका यसको वरपर रहेका अरु तीन ओटा प्रिफेक्चर चिबा, कानागावा र साइतामामा पनि संकटकालको घोषणा गरेको थियो। यसपछि जापानको सरकारले यहाँका अरु प्रिफेक्चरमा पनि यो संकटकालीन अवस्था बढाउने तयारी थालेको समाचार यसअघि नै अएको थियो।

खासगरी शुरु शुरुमा जापानको राजधानी टोकियोमा मात्र देखिएको कोरोना भाइरसको सङ्क्रमण यस बाहेकका बाहिरका क्षेत्रमा पनि देखिन थालेपछि पछिल्ला दिनहरुमा आएर जापानले यस्तो नीति लिएको हो। अहिले जापानका प्रायःपश्चिमी प्रिफेक्चरमा यसको प्रकोप बढ्दै गएको छ। जसका कारण जापान सरकारले ती क्षेत्रमा आवश्यक सहायताका प्याकेजसमेतको घोषणा गरी सङ्कटकालको घोषणा गरेको हो।

# सूर्य चिह्न आफूहरूबाट खोसे नेपालमा आँधीहुरी आउने : प्रचण्ड



**दैनिक समाचारदाता**
**काठमाडौं, २८ पुस ।**

नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सूर्य चिह्न आफूहरूबाट खोसे नेपालमा आँधीहुरी आउने बताएका छन् ।

नेकपा गण्डकी प्रदेशद्वारा पोखरामा आयोजित बृहत् कार्यकर्ता भेला तथा संघर्ष अभिमुखीकरण कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले आफूहरूले नै सूर्य चिह्न पाउने जीकिर गरेका हुन् ।

प्रचण्डले प्रधानमन्त्री केपी शर्मा ओलीलाई पार्टीको बहुमतबाट हटाउने तयारी संसद विघटनअघि नै गरिएको खुलासा समेत गरे । उनले ओली नसच्चिए पार्टीको बहुमतले हटाउने तयारीस्वरूप आफूले पार्टीमा प्रस्ताव पेश गरेको बताए ।

सचिवालयमा, स्थायी कमिटी र केन्द्रीय कमिटीमा बहुमत पुगेन भने संविधान मिच्न पाइने व्यवस्था कही छ ?' प्रचण्डले भने । बहुमतको निर्णय पार्टीको निर्णय हुने लेखिएको विधानमा ओलीको पनि हस्ताक्षर गरेको प्रचण्डले बताए ।

तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रबीच एकीकरणको सहमति हुँदा समेत ओलीले जनयुद्धका उपलब्धी स्वीकार्ने विषयमा सहमति गरेको स्मरण गर्दै प्रचण्डले सोधे, 'के त्यो केपी ओलीले हस्ताक्षर कीर्ते हो ? यदि त्यसो होइन भने यो बेइमानी हो । कोही पनि क्रान्तिकारीलाई यो स्वीकार्य हुँदैन ।'

# संसद् विघटन असंवैधानिक र निर्वाचनको घोषणा संवैधानिक : उपसभापति निधि



जनकपुरधाम, २८ पुस (रासस) । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले प्रधानमन्त्रीद्वारा गरिएको संसद् विघटन असंवैधानिक र निर्वाचनको घोषणा संवैधानिक भएको बताउनुभएको छ ।

नेपाल प्रेस युनियन धनुषाद्वारा मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलन उपसभापति निधिले प्रधानमन्त्रीद्वारा भएको संसद् विघटनको निकास सर्वोच्च अदालतबाटै हुनेछ भन्नुभयो । "प्रधानमन्त्रीद्वारा भएको असंवैधानिक घोषणा सन्दर्भमा कांग्रेसमा कुनै विवाद छैन", उहाँले भन्नुभयो, "निर्वाचनको प्रसङ्ग असंवैधानिक नभए पनि अदालतबाट हुने निर्णय कांग्रेसलाई शिरोधार्य हुनेछ ।"

उपसभापति निधिले सामान्यतया निर्वाचनको तयारी कुनै पनि दलले एक वर्षपूर्व नै गर्ने गरेको यथार्थलाई विवाद वा अनर्थका रूपमा लिन नहुने आग्रह गर्दै प्रधानमन्त्रीद्वारा संसद् विघटन सन्दर्भमा प्रयोग गरिएको धाराको उल्लेख असंवैधानिक भएको आरोप लगाउनुभयो ।

एक प्रश्नका जवाफमा उहाँले कांग्रेसको निर्वाचनको मुद्दा सङ्घीयता, गणतन्त्रको रक्षा र जनताको हितमा सफल कार्यान्वयन हुने बताउनुभयो ।

# कक्षा ११ को नयाँ पाठ्यक्रम लागू गर्न आदेश

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ पुस ।**

सर्वोच्च अदालतले कक्षा ११ को पाठ्यक्रम सम्बन्धी मुद्दा खारेज गर्दै नयाँ पाठ्यक्रम लागू गर्न निर्देशनात्मक आदेश दिएको छ ।

मंगलबार न्यायधीश तेजबहादुर केसी र प्रकाशकुमार ढुंगानाको इजलासले सो निर्देशनात्मक आदेश दिएको हो ।

विद्यार्थी, शिक्षक र शिक्षा मन्त्रालयका अधिकारीहरुले नयाँ वा पुरानो कुन पाठ्यक्रम लागू गर्ने अदालतले शिघ्र निर्क्योल हुनुपर्ने बताउँदै आएका थिए ।

शैक्षिक सत्रको मध्यतिर नयाँ पाठ्यक्रम कार्यान्वयन गर्ने कि नगर्ने भनि दर्ता भएको मुद्दाले शैक्षिकसत्र नै गुम्ने जोखिम बढ्दै गएको सरोकारवालाको चिन्ता थियो ।

पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्ले विद्यालय तहको नयाँ पाठ्यक्रम प्रारुप स्वीकृत गरेपछि देशभरका अधिकांस शिक्षण संस्थामा त्यहीअनुसार पठनपाठन भइरहेको छ ।

चालू शैक्षिक सत्रमा कक्षा १ र ११ मा लागू भइसकेको पाठ्यक्रम कार्यान्वयन नगर्न सर्वोच्च अदालतमा मुद्दा परेको थियो ।

असोज २८ मा संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल सूची तथा स्थानीय सरकारको अधिकार क्षेत्रमा केन्द्रले पाठ्यक्रम प्रारूप तयार गरेको दाबी गर्दै निवेदन दर्ता भएको थियो ।

# एक्यबद्ध भएर कार्य गर्न सहमत



**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

सप्तरीको बिष्णुपुर गाउँपालिकाका शिक्षक, अभिभावक र विद्यार्थीहरूबीचको अन्तरक्रियाका सहभागीहरूले एक्यबद्ध भएर कार्य गर्न सहमत भएका छन् ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजना र विष्णुपुर गाउँस्तरीय मानव अधिकार निगरानी समूहको सहकार्यमा भएको अन्तरक्रियामा सहभागीहरुले सो सहमत जनाएका हुन् ।

विष्णुपुर गाउँपालिकास्थित जनता माध्यमिक विद्यालयमा मंगलबार आयोजित कार्यक्रममा एक अर्कालाई दोषी बताउनु भन्दा पनि एक्यबद्ध भएर कार्य गर्न सहमत जनाउँदै अधिकांश समस्याहरु स्थानीय स्तरबाट समाधान गर्न सकिने समेत बताए ।

उनीहरू विद्यालयमा निगरानी राख्न, नियमित रुपमा अन्तरक्रिया गरी समास्या समाधानको प्रयत्न गर्न, पालना गर्नुपर्ने नियम बनाउन, अनुशासन कायम राख्न र प्रभावकारी पढाइका लागि प्रयत्नशील रहन सहमत भएको जनाइएको छ ।

सहभागीहरूले कोभिड-१९ का कारण क्वारेण्टाइन राखिएको विद्यालयमा भौतिक सम्पती क्षति भएकाले स्थानीय सरकारको ध्यान जानुपर्ने धारणा राखे । शिक्षा इकाइ प्रमुख रामेन्द्र यादवले क्वारेण्टाइन राखिएका गाउँपालिकाका पाँच विद्यालयमध्ये दुई विद्यालयमा बढी भौतिक साधनहरूमा क्षति पुगेको बताएका छन् ।

विद्यार्थीहरूले शिक्षकदेखि विद्यार्थीहरू सम्म कक्षामा ढिलो आउने गरेको, विद्यार्थीहरू पोशाक र मास्क नलगाएर आउने गरेको, सेनेटेरी प्याड प्रयोग गर्ने चेन्जिङ्ग रुमको व्यवस्था नभएको, शौचालय फोहोर रहने गरेको, ट्युववेलको अभाव रहेको, नेपाली भाषाको प्रयोग नहुने गरेको जस्ता समस्याबारे जानकारी गराए ।

कोभिड-१९ का कारणले लथालिङ्ग बनेको विद्यालयको अवस्थामा क्रमिक सुधार आइरहेको बताउनु हुँदै सहायक प्रधानाध्यापक जगदीशप्रसाद यादवले विस्तारै व्यवस्थित गरिदै लैजाने विश्वास दिलाए ।

अन्तरक्रियाको सहजिकरण गर्दै इन्सेक प्रतिनिधी मनोहरकुमार पोखरेलले नीतिगत व्यवस्था अनुरूप विद्यालयका सरोकारवालाहरूले आ-आफ्नो काम कर्तव्य र अधिकारवारे जानकारी लिनु पर्ने तथा सो अनुसार पारदर्शी र जवाफदेही ढंगले काम गर्नुपर्ने बताए ।

स्थानीय समुदायलाई सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउने कार्यक्रम अन्तरगत शिक्षा अधिकार अन्तरक्रिया कार्यक्रममा सहभागि प्रधानाध्यापक कुशेश्वर मण्डल, राजविराज नगरस्तरीय मानव अधिकार निगरानी समूहका अध्यक्ष रघुवर साह, विष्णपुर गाउँस्तरीय मानव अधिकार निगरानी समूहका पदाधिकारीहरूले विद्यालयको अवस्था सुधार गर्न शिक्षासँग सरोकार राख्नेहरू जिम्मेवार बन्नु पर्ने धारणा राखेका थिए ।





देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्भनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६





प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np